ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०५-२०८२।०८३ बैठक मिति: २०८२।०९।२४

आज मिति २०८२/०९/२४ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

तपसिल

| नाम थर | पद |
|---|---|
| ............ मंगल सिह धामी | अध्यक्ष |
| ............ विनोद सिह कुँवर | सदस्य |
| ............ अशोक सिह बोहरा | सदस्य |
| ............ धिरन सिह बुढाथोकी | सदस्य |
| ............ उपेन्द्र सिह धामी | सदस्य |
| ............ झुन सिह विष्ट | सदस्य |
| ............ बिर सिह धामी | सदस्य |
| ............ राजेन्द्र सिह कुँवर | सदस्य |
| ............ अस्पाल सिह बुढाथोकी | सदस्य |
| ............ आस्मती विसि | सदस्य |
| ............ कलम राम भूल | सदस्य |
| ............ कलावती डडाल | सदस्य |
| ............ धाना देबी बम | सदस्य |
| ............ पुर्णिमा ऐतवाल | सदस्य |
| ............ कृष्णानन्द बडू | सचिव |

अन्य उपस्थिति

| | |
|---|---|
| ............गोपाल सिह विष्ट | लेखा अधिकृत |
| ............ विरा दत्त भट्ट | स.क.अ |

प्रस्तावहरु:

१. संघ समपुरक अनुदानका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा।
२. संघ विशेष अनुदानका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा।
३. संस्था दर्ता सम्बन्धमा।
४. रमान्तर/ शिर्षक संशोधन सम्बन्धमा।
५. तिमुरपाटा सडकमा छुट क्षतीपुर्ती सम्बन्धमा।
६. सूचना सन्देश प्रसारण सम्बन्धमा।
७. भेरिएसन अर्डर स्वीकृत सम्बन्धमा।
८. उपचार खर्च सहयोग सम्बन्धमा।
९. बाटो मर्मत सम्बन्धमा।
१०. कर्मचारीको छुट तभ भुक्तानी सम्बन्धमा।
११. काठेपुल निर्माण सम्बन्धमा।
१२. विद्यालय भवन निर्माणका लागि बजेट माग सम्बन्धमा।
१३. विद्यालय लेखापरीक्षक नियुक्त सम्बन्धमा।
१४. विपद् राहत सम्बन्धमा।
१५. विभिन्न कार्यविधिहरु स्वीकृत सम्बन्धमा।
१६. करार कर्मचारी म्याद थप सम्बन्धमा।
१७. विविध।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा आर्थिक वर्ष २०८३।०८४ मा कार्यान्वयन हुने संघ समपुरक आयोजना तथा कार्यक्रम अन्तरगत "समपुरक अनुदान सम्बन्धी (पहिलो शंशोधन) कार्यविधि, २०८२ बमोजिम तपसिल बमोजिमको प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | स्थान | माग गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पालिका स्तरीय खेलमैदान निर्माण | वडा नं ६ हुती | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |
| २ | वडा कार्यालय भवन निर्माण खलंगा | ब्याँस १ | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |
| ३ | वडा कार्यालय भवन निर्माण | ब्याँस ४ | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |
| ४ | राप्ला सडक निर्माण | ब्याँस २ | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |

निर्णय नं १. प्रस्ताव नं १ (ख) यस माथि छलफल गर्दा आ ब २०८२।०८३ मा कार्यान्वयन गर्नका लागि योजना आयोग बाट स्विकृत भइ आएका तपशिल बमोजिम आयोजनाहरुको आ ब २०८३/०८४ को लागि नियमानुसर प्राप्त हुने थप बजेट माग गर्ने निर्णय गरियो

तपशिल

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | स्थान | बजेट स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | तिमुपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडक क्रमागत | ब्याँस ६ देखि ब्याँस २ | संघिय सरकार सम्पुरक अनुदान | चालु आ ब मा कार्यान्वयन गरिने |
| २ | डोकट लिफ्टिङ खानेपानी आयोजना | ब्याँस ४ | संघिय सरकार विशेष अनुदान | चालु आ ब मा कार्यान्वयन गरिने |

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा आर्थिक वर्ष २०८३।०८४ मा कार्यान्वयन हुने संघ विशेष आयोजना तथा कार्यक्रम अन्तरगत "विशेष अनुदान सम्बन्धी (पहिलो शंशोधन) कार्यविधि, २०८२ बमोजिम तपसिल बमोजिमको प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | आयोजना/कार्यक्रमको नाम | स्थान | माग गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | जोखिमयुक्त वस्ती स्थानान्तरण कार्यक्रम | ब्याँस ४ | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |
| २ | विद्यालय फर्निचर | | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |
| ४ | वर्थिङ सेन्टरका लागि शैया तथा उपकरण | | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |
| ३ | उद्यमशिलता विकासका लागि सघाउ पुग्ने गरि उपकरण तथा तालिम | | प्राविधिक लागत अनुमान बमोजिम | आ.व. २०८३।०८४ |

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा संस्था दर्ताका लागि आवश्यक कागजात प्राप्त भएकाले तपसिल बमोजिमका संस्थाहरुलाई "ब्याँस गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धी ऐन २०७९"बमोजिम यस कार्यालयको अभिलेखमा दर्ता गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | संघ संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | महादेव युवा क्लब | ब्याँस ४ डोकट | |
| २ | दिपचन्द सामुदायिक संस्था | ब्याँस ३ सिना | |

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा तपसिल बमोजिमका योजनाहरुको रकमान्तर/ शीर्षक संशोधनका लागि आगामी गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो।

तपशीलः

## ब्याँस गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनबाट संशोधन गर्नका लागि पेश गरिएका आ.व. २०८२/८३ का योजना तथा कार्यक्रमहरु

| क.स. | योजना तथा कार्यक्रम | बजेट उपशिर्षक | बजेटको प्रकृति | बजेटको स्रोत | रकम | घट/बढ रकम | संशोधित योजना तथा कार्यक्रम | रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विविध खर्च | ब्याँस गाउँपालिका | चालु | प्रदेश राजस्व बाँडफाँड | २१८,०००.०० | २००,०००.०० | खरमुक्त कार्यक्रम वडा नं २ | २००,०००.०० | |
| २ | विविध कार्यक्रम खर्च | ब्याँस गाउँपालिका | चालु | संघ राजस्व बाँडफाँड | ८००,०००.०० | ३००,०००.०० | खेलकुद कार्यक्रम वडा नं ४ | ३००,०००.०० | |
| ३ | वडा अध्यक्षसंग जेष्ठनागरिक कार्यक्रम | ब्याँस गाउँपालिका | चालु | संघ समानिकरण-वडा नं. ४ | १००,०००.०० | १००,०००.०० | दश श्रमिकको ज्याला भुक्तानी (गत आ.व. को दायित्व) | ६०,०००.०० | |
| ४ | | | | | | | खानेपानी मर्मत (किमपानी) | ४०,०००.०० | |
| ५ | लागत साझेदारीमा प्लाष्टिक घर भएका कृषकहरुलाई तरकारीको हाइब्रिड बिउ वितरण कार्यक्रम | ब्याँस गाउँपालिका | चालु | संघ समानिकरण-कृषि विकास शाखा | २००,०००.०० | २००,०००.०० | किसानहरुलाई मिनिकिट बिउ वितरण कार्यक्रम | २००,०००.०० | |
| ६ | वन तथा वातावरण कार्यक्रम | ब्याँस गाउँपालिका | चालु | आन्तरिक स्रोत | २००,०००.०० | १५०,०००.०० | जनचेतनामुलक कार्यक्रम वडा नं. ६ | १५०,०००.०० | |
| ७ | | | | | | | सिपमुलक तालिम कार्यक्रम वडा नं. ६ | १००,०००.०० | |
| ८ | खाद्य सुरक्षा कार्यक्रम | ब्याँस गाउँपालिका | चालु | आन्तरिक स्रोत | १०,००,००० | १,०००,०००.०० | जलवायु प्रविधिमैत्री नमुना गाउँ सञ्चालन कृषि ज्ञान केन्द्र संगको लागत साझेदारी | ३००,०००.०० | |
| ९ | | | | | | | कर्मचारी संगठन तथा व्यवस्थापन | १००,०००.०० | |
| १० | | | | | | | सीप विकास तालिम (घरेलु तथा साना उद्योग कार्यालय संग साझेदारी) | ५००,०००.०० | |
| ११ | न्यायिक समिति | ब्याँस गाउँपालिका | चालु | संघ समानीकरण-न्यायिक समिति | ५००,०००.०० | ५००,०००.०० | मोबाइल न्याय सेवा | २००,०००.०० | |
| १२ | | | | | | | न्यायिक समिति र मेलमिलापकर्ता क्षमता विकास कार्यक्रम | १००,०००.०० | |
| १३ | | | | | | | सामुदाय स्तरमा संवाद कार्यक्रम | २००,०००.०० | |
| १४ | विषयगत विज्ञ समूह निर्माण तथा नमूना कक्षा संचालन असल अभ्यास गरिरहेका विद्यालयहरुको भ्रमण | ब्याँस गाउँपालिका | चालु | संघ समानीकरण-शिक्षा तथा खेलकुद शाखा | १००,०००.०० | १००,०००.०० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १००,०००.०० | |
| १५ | शैक्षिक सामाग्री निर्माण खरिद तथा व्यवस्थापन | ब्याँस गाउँपालिका | चालु | संघ समानीकरण-रोजगार सेवा केन्द्र | १५०,०००.०० | ५०,०००.०० | स्थानीय पाठ्यपुस्तक छपाई ( हाम्रो ब्याँस) | ५०,०००.०० | |
| १६ | स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि कार्यक्रम | ब्याँस गाउँपालिका | चालु | संघ समानीकरण-वडा नं ३ | ५०,०००.०० | ५०,०००.०० | जनप्रतिनिधि क्षमता अभिवृद्धि कार्यक्रम | ५०,०००.०० | |
| १७ | आव २०८२।०८३ मा छनौट भएका श्रमिकहरुलाई अभिमुखिकरण | ब्याँस गाउँपालिका | चालु | संघ समानीकरण-रोजगार सेवा केन्द्र | १००,०००.०० | ५०,०००.०० | रोजगार शाखा विविध खर्च | ५०,०००.०० | |
| १८ | कार्यालय व्यवस्थापन | ब्याँस गाउँपालिका | चालु | संघ समानीकरण-उद्यम विकास शाखा | १००,०००.०० | १००,०००.०० | उद्यमीको स्तरोन्नती कार्यक्रम (लागत साझेदारी) | १००,०००.०० | |
| १९ | छोरीको निम्ति स्वर्णिम नेपाल-पालिका स्तरीय छोरी सम्मेलन तथा प्रशिक्षण | ब्याँस गाउँपालिका | चालु | संघ समानिकरण-गाउँकार्यपालिका | ७००,०००.०० | ७००,०००.०० | वासप्लान निर्माण | ५००,०००.०० | |
| २० | | | | | | | अतिरिक्त कक्षा संचालन | २००,०००.०० | |
| २१ | वडा कार्यालय मर्मत तथा व्यवस्थापन | ब्याँस गाउँपालिका | पुजीगत | संघ समानीकरण-वडा नं ३ | १५०,०००.०० | १५०,०००.०० | वडा कार्यालय मर्मत | ९०,०००.०० | |
| २२ | | | | | | | वडा कार्यालय व्यवस्थापन | ६०,०००.०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | तातोपानी धारा र शौचालय | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ३ | १००,०००.०० | १००,०००.०० | तातोपानी भान्साघर निर्माण | १००,०००.०० | |
| २४ | मल्ल तिग्रम गोरिया खालो निर्माण | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ५ | १००,०००.०० | १००,०००.०० | मल्ल तिग्रम गोरिया खालो निर्माण (क्रमागत) | १००,०००.०० | |
| २५ | हरपाप दलित बस्ती भूमिराज मन्दिर निर्माण | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ५ | ५०,०००.०० | ५०,०००.०० | हरपाप भूमिराज मन्दिर फिल्ड निर्माण | ५०,०००.०० | |
| २६ | गोरिया खालो निर्माण चुकपानी | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ५ | १००,०००.०० | १००,०००.०० | तल्ला चुकपानी बाटो निर्माण (क्रमागत) | १००,०००.०० | |
| २७ | आसिकन्ना पनिखाल घो.बा. | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ६ | १००,०००.०० | १००,०००.०० | आ.वि. पनिखाल घो.बा. निर्माण | १००,०००.०० | |
| २८ | इलाका प्रहरी भान्साघर मर्मत | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ६ | १००,०००.०० | १००,०००.०० | जस्ता खरिद वडा नं ६ | १००,०००.०० | |
| २९ | मल्ला बसेडी ढल निकास | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ६ | ५०,०००.०० | ५०,०००.०० | दुर्गा मन्दिर निर्माण वडा नं ६ | ५०,०००.०० | |
| ३० | कमेडधार बाटो निर्माण वडा नं ६ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १००,०००.०० | १००,०००.०० | कमेडधार घोबा वडा नं ६ | १००,०००.०० | |
| ३१ | हरिचन्द्र मन्दिर निर्माण वडा नं ६ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ३००,०००.०० | ३००,०००.०० | हरिचन्द्र मन्दिर सामग्री खरिद वडा नं ६ | ३००,०००.०० | |
| ३२ | छाडरु स्वास्थ्य चौकी घेरपर्खाल निर्माण ब्यौंस १ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,०००,०००.०० | १,०००,०००.०० | छाडरु स्वास्थ्य चौकी घेरपर्खाल निर्माण ब्यौंस १ (क्रमागत) | १,०००,०००.०० | |
| ३३ | वडा कार्यालय भवन थप निर्माण ब्यौंस १ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ९००,०००.०० | ९००,०००.०० | वडा कार्यालय भवन थप निर्माण ब्यौंस १ (क्रमागत) | ९००,०००.०० | |
| ३४ | तल्ला-मल्ला दुम्लिङ घो.बा. वडा नं. २ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १५०,०००.०० | १५०,०००.०० | तल्ला-मल्ला दुम्लिङ घो.बा. वडा नं. २ (क्रमागत) | १५०,०००.०० | |
| ३५ | मल्लापन्धार पन्तोली घेरबार निर्माण वडा नं ६ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ४००,०००.०० | ४००,०००.०० | मल्लापन्धार पन्तोली घेरबार निर्माण वडा नं ६ (क्रमागत) | ४००,०००.०० | |
| ३६ | जोखिमपूर्ण आवास पुनर्निर्माण वडा नं ४ (महगाउँ-किमपानी) | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,५००,०००.०० | १,५००,०००.०० | डोकट लिफ्टिङ खानेपानी निर्माण | १,५००,०००.०० | |
| ३७ | माडरी बसेडी सडक निर्माण (कटिङ) | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ३,०००,०००.०० | ३,०००,०००.०० | माडरी बसेडी सडक निर्माण (क्रमागत) | २,५००,०००.०० | |
| ३८ | गाउँपालिका भवन घेरपर्खाल निर्माण | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,०००,०००.०० | १,०००,०००.०० | बसेडी ढल निकास | १,५००,०००.०० | |
| ३९ | पालिका-स्वास्थ्य चौकी पि.सि.सि. बाटो निर्माण वडा नं. ४ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण | २००,०००.०० | २००,०००.०० | पालिका-स्वास्थ्य चौकी बाटो निर्माण वडा नं. ४ | २००,०००.०० | |
| ४० | जयपुर खोली घो.बा. निर्माण वडा नं. ६ (प्र.म.रो.का.) | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण | २००,०००.०० | २००,०००.०० | जयपुर खोली घो.बा. निर्माण वडा नं. ६ | २००,०००.०० | |
| ४१ | बहुदह आ.वि. घेरपर्खाल तथा बाटो निर्माण वडा नं. ४ | ब्यौंस गाउँपालिका | पुजीगत | संघ समानिकरण | ३००,०००.०० | ३००,०००.०० | बहुदह आ.वि. घेरपर्खाल तथा बाटो निर्माण वडा नं. ४ (रा.रो.प्र.का.) | ३००,०००.०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | सर समेरुं मुर्ति निर्मण | ब्याँस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ४ | २००,०००.०० | २००,०००.०० | ब्रह्म मन्दिर खानेपानी तथा शौचालय निर्माण (भैरा) | २००,०००.०० | |
| ४३ | दार्चुलाको ब्याँस गा.पा. १ छाङरुबाट वडा नं. २ दुम्लिङसम्मको घो.बा. निर्माण (बाकी भुक्तानी) | ब्याँस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | ५,०००,०००.०० | ४,६५०,०००.०० | तिमुरपाटा-माल सडक बाल निर्माण (खेती) | १,०००,०००.०० | |
| ४४ | मदन स्मृति | ब्याँस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,०००,०००.०० | १,०००,०००.०० | तिकर शौचालय क्रमागत | ३००,०००.०० | |
| ४५ | सडक बोर्ड जोड कोष | ब्याँस गाउँपालिका | पुजीगत | प्रदेश समानिकरण-गाउँकार्यपालिका | ३००,०००.०० | ३००,०००.०० | माङरौ-बसेडी सडक (धौली ओडार) बाल निर्माण | १,०००,०००.०० | |
| ४६ | आसीकान्ना चौपाता बाल निर्माण वडा नं. ६ | ब्याँस गाउँपालिका | पुजीगत | संघ समानिकरण-गाउँकार्यपालिका | १,५००,०००.०० | १,५००,०००.०० | रानीस्थान आवि माल विद्यालय मर्मत तथा व्यवस्थापन | ३००,०००.०० | |
| ४७ | सिलिङ पन्यार ट्याङकी निर्माण | ब्याँस गाउँपालिका | पुजीगत | संघ समानिकरण-वडा नं. ६ | १५०,०००.०० | १५०,०००.०० | तिकर खा.पा. निर्माण तथा मर्मत | १००,०००.०० | |
| ४८ | | | | | | | आसीकान्ना चौपाता बाल निर्माण वडा नं. ६ | १,०००,०००.०० | |
| ४९ | | | | | | | गाङगरी गुरु मन्दिर फिल्ड निर्माण ब्याँस २ | २००,०००.०० | |
| ५० | | | | | | | ब्रह्म मन्दिर सडक निर्माण एवं मर्मत | १,०००,०००.०० | |
| ५१ | | | | | | | खापा मर्मत तथा निर्माण ब्याँस ३ | १००,०००.०० | |
| ५२ | | | | | | | ब्रह्स्थान माध्यमिक विद्यालय खानेपानी मर्मत तथा निर्माण | २५०,०००.०० | |
| ५३ | | | | | | | वडा कार्यालय फिल्ड निर्माण ब्याँस ३ | ३००,०००.०० | |
| ५४ | | | | | | | फोहोर व्यवस्थापन ब्याँस ३ | १००,०००.०० | |
| ५५ | | | | | | | मङगाउँ-गाउँपालिका घो.बा. (क्रमागत) | ५००,०००.०० | |
| ५६ | | | | | | | बडुगाउँ खा.पा. तथा ट्याङ्की निर्माण | ३००,०००.०० | |
| ५७ | | | | | | | सहिद प्रतिष्ठान भवन हुति | १५०,०००.०० | |
| ५८ | | | | | | | असहाय तथा जेष्ठ नागरिक आवास ब्याँस-४ | २००,०००.०० | |
| ५९ | | | | | | | छियाङ खानेपानी निर्माण | ५०,०००.०० | |
| ६० | | | | | | | सम्पाल मा.वि. को प्रा.वि. स्तरमा ग्रिल तथा रेलिङ निर्माण क्रमागत | २००,०००.०० | |
| ६१ | | | | | | | आ.वि. नाबी छत मर्मत | १००,०००.०० | |
| ६२ | | | | | | | खर्कटोल घोबा निर्माण ब्याँस ५ | ५०,०००.०० | |
| ६३ | | | | | | | सशस्त्र प्रहरी बिओपी सुन्सेरा पोष्ट निर्माण | १५०,०००.०० | |
| ६४ | | | | | | | भण्डारी फलफुल नर्सरी उद्योग सिचाइ ट्याकी घेरबार निर्माण | २००,०००.०० | |
| ६५ | | | | | | | धौलाकोट प्रहरी पोष्ट निर्माण | ५०,०००.०० | |
| | | जम्मा | | | २१,१६८,०००.०० | २१,०००,०००.०० | - | २१,०००,०००.०० | |

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडक निर्माणका क्रममा दुँहु गाउँपालिका वडा नं ३ खेती क्षेत्रमा सडक निर्माणका लागि कृषकहरुको जमिनमा लगाइएको बालीनाली क्षती भएको र यस कार्यालयबाट तथा दुँहु गाउँपालिकाबाट संयुक्त रुपमा खटाइएको कृषि प्राविधिकहरुको टोलीले पेश गरेको बालिनालिको क्षती भएको विवरणको प्रतिवेदनका आधारमा छुट हुन गएका तपसिल बमोजिमका कृषकहरुलाई तपसिल बमोजिमको राहत रकम सोही योजनाको कन्टिजेन्सीबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | क्षतिको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शुकदेव जोशी | दुहुँ ३ ब्रहमदेब | घरको २ कोठा र घाँस राख्ने छानोमा क्षति | १५००० | |
| २ | नरेन्द्र बहादुर बम | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |
| ३ | सुरेश बहादुर बम | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |
| ४ | राजेन्द्र बहादुर बम | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |
| ५ | जंग बहादुर बम | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |
| ६ | ठगुवा बोहरा | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |
| ७ | मान बहादुर बम | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |
| ८ | लक्ष्मी देवी बम | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |
| ९ | नरिराम परियार | दुहुँ ३ ब्रहमदेब | फलफुल बोट क्षति | १०००० | |

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट उत्पादन हुने सूचना तथा जानकारी रेडियोको माध्यमबाट आम नागरिकको पहुँच सम्म पुगाउनका लागि मिडिया विकास समाज नेपाल (रेडियो नयाँ नेपाल एफ एम) ले प्रस्ताव पेश गरेको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गर्दै रु एक लाख रकमको सिमा भित्र रही " पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च" शिर्षकबाट भुक्तानी हुने गरि सम्झौता प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०८० को नियम १२७ बमोजिम तपसिल बमोजिमका आयोजनाहरुको भेरिएसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | श्री रानिस्थान व्रह्म मन्दिर धार्मीक तथा सासंकृतिक पर्यटकीय स्थल निर्माण ब्याँस ६ हुती | |
| २ | १५ शैया अस्पताल ब्याँस ६ हुती | |

निर्णय नं ८. प्रस्ताव नं ८ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको कार्यालयमा औषधि उपचार खर्च सहयोगका लागि पेश भएका निवेदनहरु मध्ये तपसिल बमोजिमका स्थानीयहरुलाई तपसिल बमोजिम औषधि उपचार खर्च शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं | नाम थर | ठेगाना | रोगको किसिम | रकम | कै |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कृष्ण सिह कल्याल | ब्याँस १ | मानसिक रोग | १२,००० | |
| २ | धनि राम कामी | ब्याँस २ | | १०,००० | |
| ३ | राम सिह बुढाथोकी | ब्याँस २ | | १५,००० | |
| ४ | चक्र सिह बुढाथोकी | ब्याँस २ | | १५,००० | |
| ५ | कुन्ति देवी कुँवर | ब्याँस ३ | मुटु रोग | २५,००० | |
| ६ | प्रेम सिह डडाल | ब्याँस ३ | | १२,००० | |
| ७ | कलावती भट्ट | ब्याँस ४ | | १५,००० | |
| ८ | गोपाल सिह खत्री | ब्याँस ४ | | १५,००० | |
| ९ | प्रेम सिह कुँवर | ब्याँस ६ | | १०,००० | |
| १० | जैमती धामी | ब्याँस ६ | | १[illegible],००० | |
| ११ | गंगा दत्त भट्ट | ब्याँस ६ | | १५,००० | |
| १२ | तुला देवी भट्ट | ब्याँस ६ | | १५,००० | |
| १३ | जमुना धामी | ब्याँस ६ | | १५,००० | |
| १४ | जैमती देवी भट्ट | ब्याँस ६ | | १५,००० | |

निर्णय नं ९. प्रस्ताव नं ९ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ ठुलोखोलामा वर्षादको समयमा अवरुद्ध भएको बाटोलाई तपसिल बमोजिम बजेट सिमाभित्र रही मर्मत गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | ठूलाखोला बाजसिमार-मल्ला खालीगाडा बाटो मर्मत | ५०,००० | विपद् व्यवस्थापन | |
| २ | ठुलोखोला भूलचौराबाटोमा इस्कप्पर निर्माण | ५०,००० | विपद् व्यवस्थापन | |

निर्णय नं १०. प्रस्ताव नं १० माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका तथा अन्तरगतका कार्यालयमा करार सेवामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको छुट त.भ. हाजिरि प्रमाणितका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | विरेन्द्र सिह तिंकरी | योग प्रशिक्षक | |
| २ | उदय सिह धामी | पाले | |
| ३ | सोविता डडाल | कार्यालय सहयोगी | |
| ४. | बिर सिंह डडाल | एम्बुलेन्स चालक | |

निर्णय नं ११. प्रस्ताव नं ११ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं २ मा काठेपुलहरु वर्षादको समयमा खोलाले / पहिरोले बगाउदाँ हिडडुल गर्न समस्या भइरहेकाले तपसिल बमोजिम काठेपुल/बाटो निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | गोठान काठेपुल निर्माण ब्याँस २ | ५०,००० | विपद् व्यवस्थापन | |
| २ | काठा दुम्लिङ्ग काठेपुल निर्माण ब्याँस २ | ६०,००० | विपद् व्यवस्थापन | |
| ३ | कोतमलाङदेखि फतङगाड सम्म घो. बा. | ७५,००० | विपद् व्यवस्थापन | |

निर्णय नं १२. प्रस्ताव नं १२ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ५ स्याँकु धौलाकोटमा रहेको श्री दुर्गास्थान माध्यमिक विद्यालय स्याँकुको विद्यालय भवन अभावका कारण पठनपाठनमा समस्या भइरहेकाले उक्त

भवन निर्माणका लागि आवश्यक बजेट उपलब्ध गराइदिन मित्र राष्ट्र भारतको काठमाण्डौंमा रहेको भारतीय राजदुतावासलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं १३. प्रस्ताव नं १३ माथी छलफल गर्दा यस ब्यााँस गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गर्नका लागि पेश भएका निवेदनहरु मध्ये दुर्गा दत्त भट्ट एण्ड एसोसिएट्सलाई विद्यालय लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो।

निर्णय नं १४. प्रस्ताव नं १४ माथी छलफल गर्दा यस ब्यााँस गाउँ कार्यपालिकाको कार्यालयमा वर्षादको समयमा क्षती भई विपद् राहतका लागि निवेदन पेश भएकाले "प्राकृतिक विपद् पिडितहरुका लागि आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५" अनुसार तपसिल बमोजिमको राहत रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

| क्र सं. | नाम थर | ठेगाना | क्षतिको विवरण | रकम |
|---|---|---|---|---|
| १ | मोहन सिंह महर | व्याँस २ | घट्ट क्षति | ५००० |
| २ | भागरथी कुँवर | व्याँस ५ | घर जोखिम | १५००० |
| ३ | बेलमती लुहार | व्याँस ६ | आँगन भत्केको | ५००० |

निर्णय नं १५. प्रस्ताव नं १५ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाले तयार पारेका तपसिल बमोजिमका कार्यविधिहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

क) ब्याँस गाउँपालिकाको गाउँसभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८२

ख) ब्याँस गाउँपालिकाको लेखा समिति गठन तथा कार्य सञ्चालन कार्यविधि २०८२

ग) ब्याँस गाउँपालिकाको वेरुजु फछर्यौट कार्यविधि २०८२

घ) ब्याँस गाउँपालिकाको आर्थिक कार्यविधि २०८२

निर्णय नं १६. प्रस्ताव नं १६ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा हस्थान्तरित WFP कार्यक्रम फेजआउट भएकाले उक्त कार्यक्रमबाट तभ खाइपाई आएका करार कर्मचारी चन्द्र दत्त भट्टलाई माघ महिना देखि गाउँपालिकाको स्रोतबाट मासिक रकम रु २५००० पच्चीस हजार त.भ. भुक्तानी गर्ने गरि करार सेवाको म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं १७. प्रस्ताव नं १७ (क) माथी छलफल गर्दा यस ब्याँस गाउँ कार्यपालिकाको कार्यालय आर्थिक सहयोगका लागि मानव सेवा आश्रम धनगढी कैलालीले निवेदन पेश गरेको तथा उक्त आश्रममा यस गाउँपालिकाका दुई जना असहायले आश्रय लिइरहेकाले उक्त मानव सेवा आश्रमलाई विविध खर्च शिर्षकबाट रु २०,००० रकम आर्थिक सहयोग भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १८. प्रस्ताव नं १७ (ख) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ स्थायी ठेगाना भएका केसर राम टमटाले मुर्ति निर्माण गर्नका लागि साँचो र आरन औजार माग गरेकाले पचास प्रतिशत लागत साझेदारी हुने गरि उक्त सामग्रिहरु दलित लक्षित कार्यक्रम शिर्षकबाट खरिद गर्ने निर्णय गरियो।

निर्णय नं १९. प्रस्ताव नं १७ (ग) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको उच्च हिमाली भेगमा रहेको वडा नं १ छाङरु हिउँदको समयमा दार्चुला सदरमुकाम खलंगाबाट सेवा प्रवाह गर्ने तथा सदरमुकाम खलंगा स्थित

महाकाली नगरपालिका वडा नं ४ मा आफ्नै जमिन समेत रहेकाले भवन निर्माणका लागि सम्बन्धित निकायमा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं २०. प्रस्ताव नं १७ (घ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं १ सितापुलमा रहेको प्रहरी पोष्ट सितापुलले आगन्तुकहरुका लागि कपडा आवश्यक रहेको भनि माग गरेकाले रु पच्चिस हजार भित्रको सिमाभित्र रही कपडा खरिद गरि उक्त प्रहरी पोष्टलाई हस्थान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं २१. प्रस्ताव नं १७ (ङ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा एम्बुलेन्स चालक पदमा कार्यरत कर्मचारी विर सिह डडालको विविध कारणले करार म्याद थप नभएको हुँदा २०८२ पुष मसान्त सम्मका लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं २२. प्रस्ताव नं १७ (च) माथी छलफल गर्दा वडा नं ३ का वडा अध्यक्ष एवं गाउँपालिका प्रवक्ता उपेन्द्र सिह धामीलाई गाउँपालिकाले खर्च व्यहोर्ने गरि जनप्रतिनिधि क्षमता अभिवृद्धि कार्यक्रमका लागि संघीय राजधानी काठमाडौं पठाउने निर्णय गरियो ।

निर्णय नं २३. प्रस्ताव नं १७ (छ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत तपसिल बमोजिमका उद्यमिहरुले सिलाई मेसिन माग गरेकाले यस गाउँपालिकाको स्टोरमा रहेको सिलाई मेसिन उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम थर | ठेगाना | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | भागरती कुँवर | ब्याँस ४ | | |
| २ | नारा कुँवर | ब्याँस ४ | | |
| ३ | सुशीला धामी | ब्याँस ६ | | |

निर्णय नं २४. प्रस्ताव नं १७ (ज) माथी छलफल गर्दा जनभावना साना किसान तथा सहकारी संस्था लिमिटेडले आलु चिप्स निर्माण गर्ने मेसिन माग गरेको र उक्त मेसिन यस गाउँपालिकाको स्टोरमा रहेको हुँदा पचास प्रतिशत लागत साँझेदारी हुने गरि उक्त मेसिन हस्थान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं २५. प्रस्ताव नं १७ (झ) माथी छलफल गर्दा वर्षादको समयमा ब्याँस १ तिंकर र छाङरुमा आएको बाढी पहिरोका कारण रुखहरु भाचिएर विग्रिएको बाटो खुलाउने कार्य गर्ने क्रममा सशस्त्र प्रहरी बल नेपाल ५० नम्बर गुल्म छाङरुको इलेक्ट्रोनिक आरा खराब भएको हुँदा उक्त जिन्सी सामग्रिलाई रु २५,००० रकमको सिमाभित्र रही मर्मत सम्भार गर्ने निर्णय गरियो ।

निर्णय नं २६. प्रस्ताव नं १७ (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ डोब गडीमा खानेपानीको अभाव भई माग भई आएकाले विपद् व्यवस्थापन शिर्षकबाट खर्च हुने गरि तपसिल बमोजिम कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कैफित |
|---|---|---|---|---|
| १ | डोब गडी खानेपानी निर्माण | ५०,००० | विपद् व्यवस्थापन | |

निर्णय नं २७. प्रस्ताव नं १७ (ट) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शर्शत अनुदान) अन्तरगत कृषि/पशुपंक्षी सेवा केन्द्र निर्माण तथा मर्मत कार्यक्रम शिर्षकमा रु चालिस लाख रकम प्राप्त भएको हुँदा उक्त आयोजनालाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने र सो का लागि उपभोक्ता समिति गठन गर्न वडा नं ६ को कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं २८. प्रस्ताव नं १७ (ठ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत " विद्यालय विद्युतिकरण कार्यक्रम" शिर्षकबाट तपसिल बमोजिमका विद्यालयहरुमा विद्युतिकरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | विद्यालयको नाम | रकम सिमा | कैफियत |
|---|---|---|---|
| १ | श्री सिद्ध माध्यमिक विद्यालय सिना ब्याँस ३ (प्रावि र मावि भवन) | ५०,००० | |
| २ | श्री गिताभवन आधारभूत विद्यालय तिंग्रम ब्याँस ५ | २५,००० | |
| ३ | श्री चौरीधार आधारभूत विद्यालय नाजी ब्याँस ५ | २५,००० | |

निर्णय नं २९. प्रस्ताव नं १७ (ड) माथी छलफल गर्दा संघीय सरकारबाट विभिन्न योजना तथा कार्यक्रम माग तथा पहलका लागि ब्याँस गाउँपालिका वडा नं १ का वडा अध्यक्ष अशोक सिह बोहरालाई संघीय राजधानी काठमाडौं पठाउने निर्णय गरियो।

निर्णय नं ३०. प्रस्ताव नं १७ (ण) माथी छलफल गर्दा ब्याँस गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको चालु आर्थिक वर्ष २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्रि तथा उपकरण व्यवस्थापन र सञ्चालनबाट विज्ञान प्रयोगशाला र आइसिटि व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि पत्र दिने सूचना आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं ३२. प्रस्ताव नं १७ (त) माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको छैटौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने विद्यालयलाई रु १०,००० र अन्य सहभागि विद्यालयहरुलाई रु २,००० का दरले भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ३३. प्रस्ताव नं.१७ (थ) सशस्त्र प्रहरी बल, नेपाल नं. ४४ गण दार्चुलाले अतिथि गृह निर्माणका लागि यस गाउँपालिकालाई आर्थिक सहयोगका लागि अनुरोध गरेकाले फर्निचर तथा फिक्चर्स शीर्षकबाट रकम रु १ लाखको सिमाभित्र रही फर्निचर सामग्री खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

निर्णय नं ३४. प्रस्ताव नं १७ (द) माथी छलफल गर्दा ब्याँस गाउँ कार्यपालिकाको मिति २०८२।०५।०५ गते बसेको बैठकको निर्णय अनुसार यस ब्याँस गाउँपालिका वडा नं ५ मा वर्षादका कारण अवरुद्ध भइरहेको दार्चुला तिंकर सडक खुलाउन आवश्यकताका आधारमा वडा कार्यालयले श्रमिक खटाउने तथा वडा कार्यालयबाटै डोर हाजिरी प्रमाणितका आधारमा विपद् व्यवस्थापन कोष शिर्षकबाट श्रमिकहरुलाई ज्याला भुक्तानी दिने निर्णय गरिएकोमा उक्त अवरुद्ध सडक खुलाउने कार्यलाई अमानत विधिबाट प्राविधिक मुल्याङ्कन बमोजिम भुक्तानी दिने निर्णय गरियो।